**नेपाल महाभूकम्प २०७२ अपडेट : १३औं दिन**
**मिति : ०७२ वैशाख २४**
**अन्तिम अपडेट : २३०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ७,८०२
घाइते : १६,४३४

## भूकम्पपीडितहरूलाई बसोबासको व्यवस्था प्रमुख चुनौती

महाभूकम्प भएको दुई हप्ता बितिसक्दा पनि राहत वितरण कायक्रम अझै व्यवस्थित हुन सकिरहेको छैन । यातायात सुविधाको अभाव रहेका गाउँहरूमा पहिलो खेपको राहत पनि उपलब्ध नभएको सूचनाहरू प्राप्त भइरहेका छन् भने सुगम स्थानहरूमा चौथो चरणको राहत वितरण आरम्भ भइसकेको छ । गोरखा जिल्लामा चौथो चरणको राहत कायक्रम आरम्भ गरिएको प्रजिअले जानकारी गराइसकेका छन् भने रामेछाप, सिन्धुली, काभ्रेका कैयन गाविसमा त्रिपाल र खाद्य सामग्रीको अभाव भइरहेको छ ।

सरकारले आफूसँग खाद्यान्नको अभाव नभए पनि तत्काल टेन्ट र त्रिपाल उपलब्ध गराउन सम्भव नभएको जानकारी दिएको अवस्थामा भारतले अब पठाउने १ लाख थान त्रिपालको समुचित वितरण हुन सक्यो भने पीडितहरूलाई तत्काल राहत पुग्ने आशा गर्न सकिन्छ । तर यो तात्कालिक समाधान मात्र हो ।

लगभग तीन हप्तापछि मनसुन आरम्भ हुने अनुमान गर्न थालिएको छ । अहिले वितरित अधिकांश त्रिपाल मनसुनी वर्सात थेग्न सक्ने खालका छैनन् । दैनिक जीवन यापनका सामग्रीबाहेक बसोबासका स्थायी प्रबन्ध नहोउन्जेलका लागि भूकम्पपीडितहरूलाई बसोबासको व्यवस्था प्रमुख चुनौती हुने देखिएको छ ।

मुलुकमा भूस्खलनबाट बर्सेनी यातायात अवरूद्ध हुने गरेको छ । भूकम्पबाट कैयन बाटाघाटा क्षतिग्रस्त भएका छन् । यिनको मर्मत सम्भारमा पनि बेलैमा ध्यान पुऱ्याउनु आवश्यक छ । तराईबाट राजधानी प्रवेश गर्ने चारैओटा मार्ग समयमै चुस्तदुरूस्त पारिनु पर्छ भने आवश्यक परेमा तुरून्तै मर्मत गर्ने संयन्त्र पनि तयार गरिनु समयानुकूल हुनेछ ।

**उल्लेख्य:**

- इन्सेक, महिला मानवअधिकार रक्षक सञ्जाल, ल्याकलगायतका सङ्घ संस्थाले गोरखा अस्पतालमा उपचाररत भूकम्प पीडितलाई राहत वितरण गरेका छन् । भूकम्पमा परी घाइते र त्यसयता अस्पतालमा सुत्केरी भएका १३ जना महिलालाई सङ्घ संस्थाले लत्ताकपडा सहयोग गरेका हुन् ।
- ओखलढुङ्गाका भूकम्प पीडितलाई मारवाडी सेवा समाज, विराटनगरले जिल्ला दैवी प्रकोप उद्धार समिति र उद्योग वाणिज्य सङ्घसँगको समन्वयमा ३ सय थान पाल, कम्बल, खाद्यान्न लगायतका सामग्री राहत वितरण गरेको छ ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

- बङ्गलादेश सरकारले नेपालका भूकम्प पीडितलाई १० हजार मेट्रिक टन खाद्यान्न उपलब्ध गराउने प्रतिबद्धता गरेबमोजिम पहिलो चरणमा १ सय मेट्रिक टन चामल नेपाल काकरभिट्टाबाट भित्रिएको छ ।
- भूकम्पका कारण धादिङ जिल्लामा भएको क्षतिका बारेमा इन्सेकले वैशाख २३ गते स्थनलगत अनुगमन गरेको छ । अनुगमन टोलीले सरकारी अधिकृतहरू, सभासदहरू र पीडितहरूसँग भेट गरेको थियो । जिल्लामा अहिले बसोबासका लागि टेन्टलाई प्राथमिकता दिनुपर्ने स्थानीय बासिन्दाको माग रहेको छ ।
- रामेछापमा भारतको सिक्किमबाट पठाइएको काम नलाग्ने थोत्रा पाइएपछि स्थानीयहरू आक्रोशित भई राहत सामग्री बाँड्न गएका मानिसमाथि हातपात समेत गरेका थिए । राहत सामग्री अपुग भएको भन्दै रामेछापको बिजुलीकोट गाविसका गाविस सचिव शिवराज खड्कालाईस्थानीय भूकम्पपीडितहरूले हातपात गरेका छन् ।
- गोरखामा वैशाख १२ गतेको भुकम्पमा परी मृत्यु हुनेको सङ्ख्या ४ सय १ पुगेको छ भने ३८ जना बेपत्ता भएका छन् । जिल्ला दैवी प्रकोप उद्धार समितिकाअनुसार बेपत्तालाई पनि मृतक घोषित गरिएपछि मृतकको सङ्ख्या चार सय ३९ पुगेको हो ।
- इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको अगुवाइमा पोखराका अधिकारकर्मीले गोरखाका भुकम्प पीडितको अवस्थाबारे वैशाख २४ गते अनुगमन गरेका छन् । भूकम्पको केन्द्रबिन्दु रहेको गोरखामा भएको मानवीय क्षति, घाइतेको अवस्था, उपचार प्रक्रिया, पीडितले राहत पाए नपाएको, राहत वितरण प्रक्रिया बारेमा टोलीले अनुगमन गरेको हो ।
- भूकम्पले सुनसरीका ५६ ओटा विद्यालयमा क्षति पुगेको छ । जसमध्ये १२ ओटा विद्यालयमा पठन पाठनको समस्या नै हुने गरी क्षति भएको छ ।
- भूकम्पबाट मकवानपुरका निबुवाटार, फापरवारी, राईगाउँ, धियाल, आग्रा, मन्थली र राक्सिराङ गाविसस्थित स्वास्थ्य चौकी पूर्णरूपमा क्षतिग्रस्त भएका छन् भने जिल्लाको उत्तरी क्षेत्रमा पर्ने डाँडाखर्क गाविसस्थित प्रहरी चौकीको भवन पूर्णरूपमा क्षतिग्रस्त भएको छ ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline